# गौशालाहरुको पूर्वाधार निर्माण तथा सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७५

पृष्ठभूमिः

नेपालको कुल ग्राहस्थ उत्पादनको करीव१२ प्रतिशत र कृषि क्षेत्रको कुलग्राहस्थ उत्पादनकोकरीव३२ प्रतिशत योगदान रहेको पशुउत्पादन क्षेत्रको निर्वाहमुखीबाट विस्तारै व्यवसायीकरण हुदैगईरहेको र यसरी व्यवसायीकरण हुने क्रममा पशु कल्याण सम्बन्धि विभिन्न समस्याहरु समेत देखा परिरहेको अवस्था छ ।प्रदेश न. २ गाईपालन र दुध उत्पादनको लागि प्रचुर सम्भावना भएको ठाँउ हुनुको साथै यस प्रदेशमा बढदो जनसंख्या एवं शहरीकरणले गर्दा दुध,दुग्धजन्य पदार्थको माग बढ्दै गईरहेको र प्रदेशमा व्यवसायिक गाईपालन गर्ने फार्महरुको संख्यामा वृद्धि हुदै गईरहेको छ । राम्रो उत्पादन नदिने तथा व्यवसायिक गाईपालनको लागि अनुपयुक्त पशुहरुलाई छाडा छोडिदिने प्रचन बढ्दै गईरहेको र जसले गर्दा पशु व्यवारिसे सडक तिर बस्ने तथासवारी दुर्घटनाहरु हुने हुँदा त्यस्ता छाडा गाई गोरु, बाच्छाबाच्छीहरुको लागि विभिन्न समिति मार्फत गौशाला निर्माण र संचालन गरि छाडा असहाय,अशक्त र अनुत्पादक गाईवंशका पशुहरुलाई व्यवस्थापन गरिदै आएका गौशालाहरुको भौतिक अवस्था सुधार तथा आयआर्जनमा सहयोग गर्नु पर्ने आवश्यकता रहेको हुँदा प्रदेशसरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. २ कोकार्यक्रम गौशालाहरुको पूर्वाधार निर्माण अनुदान कार्यक्रम रहेकोले यसरी प्रदान गरिने अनुदानलाई बढी प्रभावकारी र व्यवस्थित गर्नुको साथै पशु कल्याणमा टेवा पुर्याउनको निम्ति यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम "गौशालाहरुको पूर्वाधार निर्माण तथा सहयोग कार्यक्रम संचालन कार्यविधि,२०७५" रहेको छ।

२. यो कार्यविधि प्रदेशन. २ को मन्त्रिपरिषद् बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. "कार्यविधि" भन्नाले"गौशालाहरुको पूर्वाधार निर्माण तथा अन्य अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७५" सम्झनु पर्दछ।

२. "कार्यक्रम" भन्नाले "गौशालाहरुको पूर्वाधार निर्माण तथा आयआर्जन कार्यक्रम" सम्झनुपर्दछ।

३. "गौशाला" भन्नाले असहाय, अशक्त, बृद्ध तथा छाडा छोडिएका गाई गोरु, बाच्छाबाच्छीहरुको भरणपोषण तथा जिवनयापनका लागि राखिएको स्थान वा ठाँउसम्झनुपर्दछ।

४. "समिति" भन्नाले गौशाला संचालनको लागि गठन भएको समितिलाई सम्झनु पर्दछ ।

५. "कार्यक्रम छनौट समिति" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा गठित गौशाला सहयोग कार्यक्रम छनौट र सहजकिरण गर्ने समिति बुझाउँदछ ।

६. "पशु सेवा शाखा" भन्नाले कार्यक्रमसंचालितक्षेत्र संग सम्बन्धित स्थानीय तहको पशु सेवा शाखालाई सम्झनुपर्दछ ।

७. "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

८. "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश न. २ लाई सम्झनु पर्दछ ।

९. "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. २ लाई सम्झनु पर्दछ ।

३. उदेश्यः यस कार्यक्रमका उदेश्य देहाय बमोजिम रहेका छन्

(क) अशक्त,असहाय,बृद्ध तथा छाडा रुपमा छोडिएका गाई गोरु, बाच्छाबाच्छीहरुको कल्याण गर्नु ।
(ख) गौशालामा आश्रित भएका गाई बंशका प्राणीको भरणपोषणका लागि गौशालको आयआर्जनमा बृद्धि गर्नु ।
(ग) छाडा गाई वस्तुहरुको कारण बाट हुने सवारी दुर्घटना न्युनीकरण गर्नु।

## परिच्छेद३
## कार्यक्रम सम्बन्धी

**४. गौशाला पूर्वाधार निर्माण तथा आयआर्जन बृद्धिका लागि प्रदान गरिने सहयोग सम्बन्धी व्यवस्था**

(क) यो कार्यक्रम प्रदेश न. २ मा हाल संचालनमा रहेका र कम्तीमा पनि ५० बटा असहाय गाई गोरुहरुलाई आश्रय दिइरहेका तथा भविश्यमा कम्तीमा पनि ३०० गाई गोरुलाई संरक्षण गर्न सकिने भूमिधन भएका गौशालाहरु छनौट गरिनेछ ।

(ख) यस कार्क्रम अन्तर्गत सहयोग प्राप्त गरेका गौशालाले चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरि मात्र हुनेछ।एकपटकअनुदान पाएको संस्थाले आगामी दुई आ.ब.मा अनुदानपाउने छैन।साथै अन्य निकायबाट यसक्षेत्रमा यसै प्रयोजनका लागि अनुदान पाएका गौशालाले यो अनुदान पाउने छैनन।

(ग) समितिको आर्थिक कारोबार पारदर्शी हुनुको साथै समय समयमा समितिको बैठक भएको हुनु पर्नेछ।

(घ) गौशाला रहेको जग्गा उपभोग गर्ने आधार हुनु पर्नेछ।

(ङ) अनुदानबाट निर्माण हुने गोठ, पुरानो गोठ मर्मत सम्भार र खोरको नमूना र नक्सा र लागत प्राविधिक हिसावले बनाउनुपर्ने छ ।

(च) यो सहयोग प्राप्त गर्नको लागि सम्वन्धित गौशालाले बाली तथा पशुबीमा कार्यविधि२०६९बमोजिम पशुहरु बीमीत हुनु पर्नेछ।

(छ) यस सहयोग कार्यक्रममा सहभागी हुने गौशालाहरुले आयआर्जन बृद्धि कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरुको विस्तृत परियोजना पेश गर्नुपर्नेछ ।

(ज) यस सहयोग कार्यक्रममा सहभागी हुने गाई गौशालाहरुले प्रदेश २ स्थित स्थानीय तहहरुले आफ्नो प्रभाव क्षेत्रमा छाडा छाडिएका गाईवस्तु नियन्त्रणमा लिई गौशालामा बझाएको खण्डमा उक्त गाई,गोरुको लगत कायम गरी आश्रय दिनुपर्नेछ ।

**५. आवेदन तथा छनौट विधिः**

क. यस कार्यक्रममा सहभागी हुनका लागि मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशन गर्नेछ।

ख. अनुदान लिन चाहने समितिहरुले अनुसुची ३ को फर्मेटमा प्रस्ताव तयार गरी आबश्यक कागजात सहित सुचना प्रकाशन गर्ने निकायमा मा निवेदन पेश गर्नुपर्नेछ।प्रस्तावहरु पेश गर्दा गौशाला पूर्वाधार निर्माण सुधार तथा आयआर्जनजन्य कृयाकलापहरु जस्तै कम्पोस्ट मल बनाउने , घाँस खेती, घाँसको वीउ , ब्यवसायिक साइलेज तयारी, उननत बाच्छा बाच्छी उत्पादन, फलफुल खेती आदी स्पष्ट रुपमा समाबेश गर्नु पर्नेछ।

ग. रीत पूर्वक पर्न आएको प्रस्तावहरुको मूल्यांकन तथा सुपरीबेक्षणको मन्त्रालयले विज्ञ प्राविधिक टोली गठन गरिनेछ।

घ. तोकिएको आधारमा टोलीले दर्ताभएका प्रस्तावहरुको अध्ययन तथा मुल्यांकन गरी प्राथमिकीकरणगरी स्वीकृतीको लागि मन्त्रालयमा पेश गर्नेछ ।

ङ. गौशाला सहयोग कार्यक्रमका लागि आवेदन दिने समितिहरुको हकमा छनौट भइ गर्नुपर्ने क्रियाकलापहरु अनूसुची ५अनुसार सम्झौता गर्नेछ।

च. सम्झौता पश्चात सम्पूर्ण कार्यक्रम कार्यावन्यन जिम्मेबारी लाभग्राहीको हुनेछ तथा मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायले जुनसुकै वेला अनुगमन निरिक्षण गरी सुझाव प्रदान गर्नेछन त्यस्तो सुझाव कार्यान्वयन गर्नु सम्बन्धित लाभग्राहीको दायित्व हुनेछ ।

**६. अनुदान भुक्तानी प्रक्रिया**

क. गौशाला पूर्वाधार निर्माण तथा अन्य आयआर्जन कार्यक्रमका लागि चालु आ.व.मा सम्पन्न गर्न सकिने सम्भावनाको आधारमा कुल लगानीको ८० प्रतिशत र बढीमा जति संख्यामा गौशाला छनौट भएपनि मन्त्रालयको विनियोजित रकम भन्दा बढी लगानी हुने छैन ।

ख. निर्माणको लागि मूल्यांकनअनुसारको कुललागतको २० प्रतिशत बराबरको रकम बैंकमा जम्मा गरि सकेपछि बाँकी ८० प्रतिशत रकम सम्बन्धित कार्यालयले सोहि बैंक खातामा कामको प्रगति हेरी २ किस्तामा प्राविधिक टोलीको अनुगमन पश्चात जम्मा गरिदिनेछ । यसरी प्रथम किस्ता बराबरको रकम माग गर्नको लागि स्वलगानीको रकम खर्चको प्रगतिको आधारमा समितिहरुले प्राविधिक टोलीको सिफारिस सहित निवेदन मन्त्रालयमा पेशगर्नु पर्नेछ दास्रो किस्ता रकम कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।

## परिच्छेद४
## विविध

**क. अनुगमन तथा मूल्यांकनको व्यवस्था** :गौशाला पूर्वाधार निर्माणको तथा अन्य कार्यक्रमका लागि प्रदान गरिने सहयोग सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समितिको गठन हुनेछ।

१. निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, संयोजक

२. वरिष्ठ पशु विकास अधिकृत , मन्त्रालय सदस्य

३. अधिकृत प्रतिनिधि, योजना तथा अनुगमन महाशाखा, सदस्य

४. पशु विकासअधिकृत, मन्त्रालय सदस्य-सचिव

**ख. समितिको काम, कर्तव्य र अधिकार**

१. गौशाला पूर्वाधार निर्माणको लागि प्रदान गरिने अनुदानको प्रभावकारी कार्यन्वयनको लागि आबश्यक समन्वय गर्ने, यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधापरेमा सो फुकाउनका साथै यस कार्यविधिको व्याख्यागर्ने कार्य यो समितिको हुनेछ।यो समितिको बैठक संयोजकले तोकेको बखत बस्नेछ।

२. समितिले आबश्यकता अनुसार मन्त्रालय तथा निर्देशनालयको प्रतिनिधि सहितको संयुक्त अनुगमन गरि प्रतिवेदन तयार गर्नेछ।

ग. कारबाहीको व्यवस्थाः छनौट भएका समितिहरुले प्राप्त अनुदानलाई दुरुपयोगगरेको पाइएमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा प्रचलित ऐननियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

घ. प्रचलित कानून लागुहुनेः प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसैकार्य बिधि बमोजिम कार्यान्वयन हुनेछ।

ङ. कार्य बिधि संशोधन तथा परिमार्जनः मन्त्रालयले यस कार्यबिधि तथा यसका अनुसुचीमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

अनुसूची-१

सूचना

चालु आ.व.२०...../...... को स्वीकृत बार्षिक कार्यक्रम अनुसारगौशाला पूर्वाधार निर्माण तथा आयआर्जन बृद्धि कार्यक्रमा सहभागी हुन चाहने आध्यात्मिक रुपले अशक्त, असहाय र बृद्ध गाई गोरु पालन पोषण तथा पशु कल्याण कार्यमा संलग्न रहेका गौशालाहरु बाट सहकार्यको लागि प्रस्ताव आव्हान गरिएको छ। ईच्छुक समितिहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ..... .............दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव सम्बनिधत कार्यालयमा पेश गर्नुहोला। विस्तृत जानकारिकोलागि सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सर्म्पर्क राख्नु हुन अनुरोध छ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ।

१. अनूसूची-२ अनुसारको आवेदन फारम
२. अनूसूची-३ अनुसारको संक्षिप्त कार्य योजना
३. अनुसुची - ६ अनुसारको आयआर्जन कार्यक्रमका ब्यवसायिक योजना
३. समितिका बैठकको माईनुटको प्रतिलिपि

अनुसूची-२

## गौशाला पूर्वाधार निर्माण अनुदानको लागि आवेदन-पत्रको फारम

श्री प्रमुख ज्यू,

.......................................................,

......................

विषय:गौशाला पूर्वाधार निर्माण तथा सहयोगका लागि अनुदान सम्बन्धमा।

महोदय,

मिति ............................ को ................................पत्रिकामा प्रकाशित सूचनाअनुसार ........................................................समितिले.............................................गौशालाको पूर्वाधार विकास तथा आयआर्जन बृद्धि गर्नका लागि सहकार्य गर्ने भएकोले तपसिल अनुसारको कागजात राखी यो निवेदन पेश गरेका छौ। उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्ने छौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन मञ्जुररहको व्यहोरा समेत अनुरोध गर्दछौ। पुनश्च:आवेदन साथ तपसिलअनुसारका कागजातहरु यसनिवेदन साथ संलग्न राखेको व्यहोरा समेतअनुरोध गर्दछौ।

तपसिल

१. अनूसूची- ३ अनुसारका संक्षिप्त कार्य योजना

२. समिति गठन तथा बैठकको माईनुटको प्रतिलिपि

निवेदनदिनकोतर्फबाट

नाम:

पद :

ठेगाना:

दस्तखत:

मिति:

संस्थाको छाप :

प्रदेश सरकार उद्योग पर्यटन तथा वातावरण मन्त्रालय ... प्रदेश नं. २ जनकपुरधाम, धनुषा

अनुसूची-३

## संक्षिप्त कार्ययोजना प्रस्ताव

१. गौशालाको छोटो चिनारी र उदेश्य (२००शब्दमा)

२. विद्यमान भौतिक, वित्तिय तथा अन्य पुर्वाधारहरु (२५०शब्दमा)

३. व्यवसायिक योजना (अनुसुची ६ अनुसार )

४. संचालन गरिने कार्य विवरण

| क्र.सं. | गौशाला बाट प्रस्तावित क्रियाकलाप | जम्मालगानी (रु) | अनुदान सहयोग (रु) | निजी लगानी (रु) |
|---|---|---|---|---|
| १ | गोठ निर्माण वा सुधार | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| | जम्मा | | | |

नोट यस विवरण संगै विस्तृत प्राविधिक लागत अनुमान तथा नाप डिजाइन र प्रस्तावित आयआर्जन कार्यक्रमका लागि समेत विस्तृत लागत अनुमान र  अनुसुची ६ अनुसारको व्यवसायिक योजना संलग्न राख्नुपर्नेछ ।

५. व्यवसाय संचालन गरिने स्थानका विवरण

संस्थाकोनामः
ठेगानाः
जिल्ला : गाउं/टोलःवडानं.ःगा.पा./न.पा.ः
सर्म्पर्कनम्वरः
दस्तखतः
मितिः
संस्थाको छाप :

अनुसुची - ४

## गौशाला पूर्वाधार निर्माण तथा सहयोगका लागि प्राप्त आबेदकहरुको मूल्यांकनका आधारहरु

| क.स. | आवेदनदर्ता नं. | आवेदक समितिकोनाम | ठेगाना | मूल्यांकनकाआधारहरु | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रस्तावित स्थानमा उपलब्ध पुर्वाधारहरुकोअवस्था (२५) | गौशालाको वर्तमान अवस्था (२५) | घाँस विकासको सम्भाव्यता र गौशालाको जैविक सुरक्षाको अवस्था (२५) | समितको आर्थिक तथा मानवीय संसाधनको अवस्था (२५) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-५

## सम्झौतापत्र

............................बाट संचालन गरिने चालुआ.व. .......... को स्वीकृत कार्यक्रम अनुसार गौशाला पूर्वाधार निर्माण तथा अन्य सहयोगको लागि प्रदान गरिने अनुदान दिनको निम्ति, .................. .................(यस पछि प्रथम पक्ष भनिने) र छनौट भएको गौशाला संचालक समिति.......................................................
.................................. (यस पछि दोश्रापक्ष भनिने) को विच तपसिलको शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्नगर्न द्विपक्षिय सम्झौता गरिएको छ।

### तपसिल

१. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा अनुदान रकम उपलब्ध गराउने छ। पहिलो किस्ता कार्य योजना अनुसारको बढीमा २० प्रतिशत कार्य सम्पन्नभए पछि र दोस्रो किस्ता प्रस्तावित कार्य सम्पन्न भएपछि स्थलगत अनुगमन पश्चात बाँकी रकम उपलब्ध गराइनेछ।

२. प्रथम पक्षबाट प्राप्त सहयोगलाई दोश्रोपक्षले मास्न वा दुरुपयोग गर्नपाउने छैन र त्यसो गरेको पाईएमा समितिबाट सो रकम सरकारी बांकी सरह असुल उपरको लागि आवश्यक कारवाही चलाईनेछ।

३. प्रथम पक्षले कार्यक्रमलाई सफलपार्न नियमितरुपमा गौशालाको अनुगमन गर्नेछ।

४. अनुदान प्राप्तसंस्थाले प्रत्येक६महिनामा सम्वन्धित कार्यालयमा वा जिल्ला स्थित यस मन्त्रालयको मातहत कार्यलयमा प्रगति प्रतिवेदन बुझाउनुपर्नेछ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

६. भूमि व्यवस्था, कृषि तथा सहकरी मन्त्रालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश न. २ र यस मातहतका निकायहरुबाट गरिने/ गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नको लागि दोश्रोपक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।

७. दोस्रो पक्षले यस प्रदेशका स्थानीय तहहरुवाट नियन्त्रणमा लिइएका छाडा गाईवंशका पशुहरुलाई जिवन निर्वाहका लागि पालनपोषण हेरचाह तथा स्वास्थ्य उपचार सम्वन्धी कार्य गरी पशु कल्याणको क्षेत्रमा भूमिका निर्वाह गर्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोश्रा पक्ष |
|---|---|
| कार्यालयको तर्फबाट सहि गर्नेको | संस्थाका तर्फबाट सहिगर्नेको |
| नामः | नामः |
| पद : | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

कार्यालयको छापः

संस्थाको छाप :

*अनुसूची ६* *संक्षिप्त व्यावसायिक कार्ययोजनाको नमूना*

| क.स. | व्यावसायिक कार्ययोजना |
|---|---|
| *१* | ***पृष्ठभूमी*** |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय शुरुगर्नु पर्नाको कारण र समग्र परिस्थिती बारे उल्लेख गर्ने) |
| १.१ | व्यावसायको छोटो चिनारी |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायमा के र कसरी गर्न खोजिएको छ भन्ने कुरा उल्लेख गर्ने) |
| १.२ | विद्यमान भौतिक तथा अन्य पूर्वाधारहरु |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय सम्पन्न गर्नका लागी आवेदकसंग विद्यमान भौतिक, वित्तिय र प्राविधिक क्षमता वर्णन गर्ने) |
| *२* | ***दिर्घ कालिन सोंच, उद्देश्य र महत्व*** |
| २.१ | दिर्घकालिन सोंच |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने) |
| २.२ | उद्देश्य |
| | (कार्यक्रम/व्यवसायले हासिल गर्ने तात्कालिक उद्देश्यहरु उल्लेख गर्ने) |
| २.३ | महत्व |
| | व्यवसाय संचालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानिय तथा राष्ट्रिय तहमा) |
| *३* | ***कार्यक्रम/व्यवसायको संभाव्यता विश्लेषण*** |
| *३.१* | ***व्यवसाय योजना*** |
| ३.१.१ | उत्पादन योजना |
| | (के, कती र कसरी उत्पादन गर्ने योजना छ भन्ने कुरा उल्लेख गर्ने) |
| ३.१.२ | कच्चा पदार्थको उपलब्धता |
| | (के र कती कच्चा पदार्थको आवस्यक्ता पर्छ तथा सो कहांबाट र कसरी प्राप्त गरिन्छ भन्ने कुरा उल्लेख गर्ने ) |

| | |
|---|---|
| ३.१.३ | उत्पादन हुने बस्तु र परिमाण |
| | (कार्यक्रम/व्यवसाय संचालन पश्चात दैनिक रुपमा उत्पादन हुने बस्तु र सेवाको परिमाण समेत उल्लेख गर्ने) |
| ३.१.४ | प्रबिधी प्रयोगको सम्भाव्यता |
| | (उत्पादनका लागी आवस्यक पर्ने प्रविधी, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चित गरिन्छ भन्ने कुरा उल्लेख गर्ने) |
| *३.२* | ***बजारिकरण योजना*** |
| | (उत्पादित बस्तुको सम्भावित बजार, बिक्रि योजना, गुणस्तर व्यवस्थापन र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने) |
| *३.३* | ***व्यवस्थापन योजना*** |
| | (व्यवस्थापनको उच्च तहमा रहनेहरुको नाम, पद, योग्यता, अनुभव र भूमिका आदी संक्षिप्त रुपमा उल्लेख गर्ने) |
| *४* | ***वातावरणिमा प्रभाव विष्लेशण*** |
| ४.१ | (प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरुको आंकलन गरी नकारात्मक प्रभाव नयूनिकरणका लागी के कस्ता उपायहरु अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने) |
| *५* | ***लाभग्राही विष्लेशण*** |
| ५.१ | (प्रस्तावित कार्यक्रम/व्यवसायका प्रत्यक्ष वा अप्रत्यक्ष लाभग्राहीहरुको संख्या तथा लैंगिक र सामाजिक वर्गिकरण सहित उनिहरुले कसरी लाभ प्राप्त गर्नेछन् भन्ने कुरा उल्लेख गर्ने । |
| ६ | ***लागत लाभ विष्लेशण*** |
| | (के कस्ता पूर्वानुमानहरुको आधारमा लागत लाभ विष्लेशण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने) |

| | विवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रोबर्ष | जम्मा |
|---|---|---|---|---|---|
| क | **पूजिगत खर्च** | | | | |
| | भौतिक निर्माण | | | | |
| | मेशिनरी/उपकरण | | | | |
| | **कुल पूजिगत खर्च** | | | | |
| ख | **चालु खर्च** | | | | |
| | उत्पादन समाग्री खरिद | | | | |
| | कर्मचारीलाई तलब भुक्तानी | | | | |
| | श्रमिक ज्याला भुक्तानी | | | | |
| | भाडा, पानी, बिजुली खर्च | | | | |
| | मर्मत सम्भार खर्च | | | | |
| | बिकिवितरण खर्च | | | | |
| | व्याज भुक्तानी ("च" को व्याज प्रतिशत अनुसार) | | | | |
| | **कुल चालु खर्च** | | | | |
| ग | **जम्मा खर्च** (क ख) | | | | |
| घ | व्याज रहित अनुदान | | | | |
| ङ | आफ्नै आयबाट बेहोरिने रकम | | | | |
| च | व्याज तिर्नुपर्ने रकम ग((घंड) | | | | |
| छ | **आम्दानी** | | | | |
| | मूख्य उत्पादन बिकि | | | | |
| | सहायक उत्पादन बिकि | | | | |
| | **कुल आम्दानी** | | | | |
| ज | **खुद मुनाफा** (छ ( ग) | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | झ | **ग्रस मार्जिन**(छ ( ख) | | | | |
| | ञ | सांवा भुक्तानी ("च" को भुक्तानी) | | | | |
| | ट | **खुद बचत** (ज ( झ) | | | | |
| | ठ | डिस्काउन्टेड आम्दानीछ/(१ ' व्याज५)६बर्षे | | | | |
| | ड | डिस्काउन्टेड खर्चग/(१ ' व्याज५)६बर्षे | | | | |

| | | |
|---|---|---|
| | व्यावसायिक कार्ययोजना पेश गर्नेको | |
| | नाम | |
| | पद | |
| | हस्ताक्षर | |
| | मिती | |
| | संस्थाको छाप | |